# स्थानीय राजपत्र

## बेलडाँडी गाउँपालिकाद्वारा प्रकाशित


**खण्ड :९ संख्या : १ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः** २०८३/०३/०८

**प्रकाशित मितिः** २०८३/०३/३० **प्रमाणीकरण मितिः** २०८३/०३/३०


## भाग-३

## स्वास्थ्य संस्था दर्ता , अनुमति तथा नवीकरणसम्बन्धी निर्देशिका - २०८३

**प्रस्तावनाः** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागी सरकारी, निजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरवद्धि र संचालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई यस गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा सञ्चालन गर्न वाञ्छनीय भएकाले, यस बेलडाँडी गाउँपालिका बाट स्थानीय तहका प्रशासकीय कार्यविधि (नियमित गर्न) ऐन, २०७४ को दफा ११ को बुदा ४ को (ख) (२) र १०२ को उपदफा (२) ले दिएका अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस दस्तावेजको नाम “स्वास्थ्य संस्था दर्ता, स्तरवृद्धि, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका - २०८३” रहेको छ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) “अनुगमन समिति” भन्नाले बेलडाँडी गाउँपालिका ले गठन गर्ने अनुसूची १ बमोजिमको समिति सम्झनुपर्छ ।

(ख) “अनुमति प्रदान गर्ने निकाय” भन्नाले दफा ३ मा उल्लेखित अनुमति प्रदान गर्ने निकाय बेलडाँडी गाउँपालिका सम्झनुपर्छ ।

(ग) “मन्त्रालय” भन्नाले नेपाल सरकार, स्वास्थ्यतथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(घ) “प्रादेशिक स्वास्थ्य संरचना” भन्नाले प्रदेशमा रहने सामाजिक विकास मन्त्रालय वा प्रदेश स्वास्थ्य निर्देशनालय सम्झनु पर्छ ।

(ङ) “अस्पताल” भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम संस्था पितसरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सरकारी अस्पताल सम्झनुपर्छ ।

(च) “गैह्र सरकारी अस्पताल” भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागी प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(छ) “कन्सल्टेन्ट” भन्नाले सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण सस्थाबाट स्नातकोत्तर उपाधी वा डिप्लोमा प्राप्त गरेको वा तोकिए बमोजिमको विशेषज्ञ तालीम प्राप्त गरी सम्बन्धित काउन्सिल मा दर्ता भएको विशेषज्ञ चिकित्सक सम्झनु पर्छ ।

(ज) “सरकारी अस्पताल” भन्नाले नेपाल सरकारको पूर्ण वा आशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागी स्थापना भएको वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ ।

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि “आंशिक स्वामित्व” भन्नाले नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनुपर्छ ।

बेलडाँडी गाउँपालिका

(झ) “सामुदायिक अस्पताल” भन्नाले सम्बन्धित सरकारी निकायमा संस्थादर्ता भई सामुदायिक लगानी र व्यवस्थापन मा सञ्चालन हुन गरी मुनाफा रहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(ञ) “स्वास्थ्य क्लिनिक” भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो इमेजिङ्ग, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनुपर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउदछ ।

(ट) “ पारामेडिक्स क्लिनिक ” भन्नाले रोगको निदान, रोगको उपचार, रोकथाम, आचार संहिता बमोजिम औषधिको सिफारिस गराउनका लागि स्वास्थ्य ब्यबसायी परिषदको दर्ता किताबमा चिकित्सा बिषयमा तृतीय र द्वितीय श्रेणीमा दर्ता भएका **CMA, HA** ले यस निर्देशिकाअनुसार दर्ता भै सेवा संचालन सहमति लिएका क्लिनिक जनाउदछ ।

(ठ) “डि र ई वर्गको प्रयोगशाला” भन्नाले जनस्वास्थ्य सेवा नियमावली-२०७७ मा उल्लेख अनुसार न्यूनतम सेवाहरु प्रदान गर्ने प्रयोगशाला सम्झनु पर्छ ।

(ड) “स्वास्थ्य संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनूमति प्राप्त अस्पताल, स्वास्थ्य क्लिनिक, प्रयोगशाला, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनुपर्छ ।

(ढ) “संस्था दर्ता गर्ने निकाय” भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा संचालन अनुमति लिन पूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनुपर्छ ।

(ण) “गैरसरकारी अस्पताल” भन्नाले मुनाफारहित उद्देश्यले स्वास्थ्य सेवाप्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(त) “भवन संहिता” भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(थ) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनका लागि छुट्टै मापदण्ड नभएका स्थानका हकमा अनुसूची–२ मा उल्लखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

३. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायः (१) बेलडाँडी गाउँपालिका कञ्चनपुरले देहाय बमोजिमका स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नती, नवीकरणका लागि अनुमति प्रदान गर्न सक्नेछः–

(क) स्वास्थ्य क्लिनिक, डि र ई वर्गको प्रयोगशाला तथा १५ शैया सम्मका आधारभूत अस्पतालका लागि यस गाउँपालिकाको निर्णयअनुसार ।

(ख) आयुर्वेद क्लिनिक, डेन्टल क्लिनिक, होमियोप्याथी क्लिनिक तथा अन्य यस्तै प्रकारका वैकल्पिक चिकित्सा सँग सम्बन्धित क्लिनिकका लागि यस गाउँपालिकाको निर्णयअनुसार ।

(ग) फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी केन्द, योग ध्यान तथा शारीरिक व्याम केन्द्र, जेरियाट्रिक परामर्श केन्द्रका लागि यस गाउँपालिका को निर्णय अनुसार ।

(घ) पारामेडिक्स क्लिनिकहरु गाउँपालिकाको निर्णय अनुसार ।

(ङ) १५ शैया देखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नका लागि यस गाउँपालिकाको कार्यपालिकाले प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयमा सिफारिस गर्न सक्नेछ ।

(च) यस गाउँपालिका मा स्वास्थ्य सस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढांचामा प्रादेशिक स्वास्थ्य संरचनालाइ दिनुपर्ने छ ।

४. <u>पूर्वाधार निर्माण मनसाय पत्र को लागि निवेदन दिनु पर्ने</u> : (१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि अनुसुची ३ बमोजिमको ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको पन्ध्र कार्य दिन भित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछः

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्र, सा क्षेत्रको जनसख्या÷जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य सस्थाले सेवा पुर्याउन क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्याउन थप योगदान,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लेखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस कार्य दिन भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पुर्वाधार निर्माणको लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिन भित्र अनूमति प्रदान गर्ने निकायले बढीमा तीन वर्ष सम्मका समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य सस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

५. सञ्चालन अनुमति दिन सकिनेः (१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएका व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्न आवश्यक कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमका ढाँचामा यस गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

तर स्वास्थ्य क्लिनिक, रेडियो इमेजिङ सेवा स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची ५ बमोजिमको ढाचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले निवेदन प्राप्त गरेको मितिले सात दिन भित्र अनुगमन समिति खटाउन पर्ने छ ।

(३) उपदफा (२) बमोजिम खटिएका अनुगमन समितिले पन्ध कार्यदिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन गाउँपालिकासमक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन को आधार र यस निर्देशिकामा उल्लेखित अन्य मापदण्ड पुरा गरेको स्वास्थ्य संस्थालाई पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सकिनेछ ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले सात कार्यदिन भित्र निर्णय गरी सक्नु पर्नेछ र सो को जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएका तर दफा (५) बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची – ६ मा उल्लेख भए बमोजिम को दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर लिई एक पटकका लागि निर्देशिका बमोजिम का प्रक्रिया पूरा गरी सञ्चालन अनुमति दिन सकिने छ ।

(७) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकाय मा दर्ता भई अनुमतिका लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसूची – ६ मा उल्लेख भए बमोजिम को दस्तुरको अतिरिक्त दुई गुणा बढी दस्तुर बुझाए मा एक पटक का लागि निर्देशिका बमोजिम को प्रक्रिया पुरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(८) उपदफा (२) (३) र (५) बमोजिम तोकिएको म्याद भित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्नेछ । उपदफा (२) (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछन् ।

६. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने : स्वास्थ्य संस्थाले आफू ले सेवा सञ्चालन गर्ने अनुमति पाएका सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहे मा गाउँपालिका बाट यस निर्देशिका बमोजिम को प्रक्रिया परा गरी अनमति प्राप्त गर्नु पर्नेछ ।

७.पुनःअनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने : (१) यो निर्देशिका प्रारम्भ हुँदा का बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो निर्देशिका प्रारम्भ भए पछि तोकिएको अवधि भित्र पूर्वाधार तयारी योजना (भवन प्रबलीकरण वा नयाँ निर्माण योजना) सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा त्यस्ता स्वास्थ्य संस्था लाई यस निर्देशिका बमोजिम तोकेका पूर्वाधार पुरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य सस्थाले प्रत्येक ६/६ महिनामा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) प्रबलिकरण हुन अस्पताल वा नयाँ निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेका स्वास्थ्य सस्थाले निर्माण अवधि भरका लागि भवन को कारण वा अस्पताल का औजार उपकरणले हुने सक्ने दुर्घटना का लागि शैया क्षमता बराबरको संख्यामा प्रतिव्यक्ति पचास हजार रुपैया बराबरको सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिमको प्रक्रिया पुरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अबधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति रद्द हुनेछ ।

८. अनुमति दस्तुर बुझाउनु पर्ने : स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य सस्थाले अनुसूची ६ मा उल्लेख भए बमोजिम को अनुमति दस्तुर बुझाउनु पर्नेछ ।

९. नवीकरण गराउनु पर्ने : (१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र यस गाउँपालिका समक्ष नवीकरणका लागि निवेदन दिनु पर्नेछ । गाउँपालिकाले अनुमति को अवधि समाप्त भएको मिति ले तीन महिना भित्र आवश्यक जाँचबुझ गरि नवीकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमाजिम निवेदन प्राप्त भएमा अनुसूची ६ मा उल्लेख भए बमोजिम को दस्तुर लिई तीन वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमति को नवीकरण गरिदिन सक्नेछ । तर यो निर्देशिका प्रारम्भ हुनु अघि स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति पाएका स्वास्थ्य संस्था को हकमा त्यस्ता स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएका मापदण्ड तथा पूर्वाधार कायम नगरे सम्म तीन बर्षमा नबढाई प्रत्येक एक बर्षका लागि अनुमति नवीकरण गरि दिनसक्नेछ ।

(३) उपदफा (१) बमोजिम को अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिना भित्र निवेदन पेश गरेमा दोब्बर नवीकरण दस्तुर लिई सेवा सञ्चालन अनुमति नवीकरण गर्न सकिनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम को अवधि भित्र नवीकरण का लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति पत्र स्वतः खारेज हुनेछ र सोको जानकारी प्रादेशिक स्वास्थ्य संरचना मा समेत दिनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि या उप दफा प्रारम्भ हुँदाका बखत सम्म अनुमति नवीकरण नगरे का स्वास्थ्य संस्थाले तोकिए को समय भित्र अनुमति का लागि निवेद नदिएमा अनुसूची –६ मा उल्लेख भए बमोजिम को दस्तुरको अतिरिक्त पांच गुणा बढी नवीकरण दस्तुर लिई एक पटक का लागि निर्देशिका बमोजिम को प्रक्रिया पुरा गरी त्यस्ता अनुमति नवीकरण गरिदिन सकिनेछ ।

<u>१०. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः</u>

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वःमल्यांकन) गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका अवधि भित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न निर्देशन दिन सकिनेछ ।

(३) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भएता पनि यस गाउँपालिका, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकतानुसार जोखिम, भौगालिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीको आधारमा नमुना छनौट

गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने वा गराउन सक्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेका अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिना को म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(६) यस दफाबमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमको गुणस्तर तथा पूर्वाधार मापदण्ड पुरा नगर्ने वा गुणस्तर परीक्षण को वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य सस्थालाई गाउँपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरि आएको सेवा पूर्ण वा आशिक रुपमा तत्काल बन्द गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य सस्थालाई कारबाही गर्नपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेको स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्नपाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्ता संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीका लागि सम्बन्धित परिषदमा लेखी पठाईनेछ ।

११. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने: स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिइ सेवा सञ्चालन गर्न चाहेमा त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन ।

१२. अनुमति खारेजी तथा कारवाही सम्बन्धि व्यवस्थाः

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नका लागि एक पटकका लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमको अवधि भित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको दफा ९ को उपदफा ५ बमोजिमको अवधि भित्र नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ ।

१३. निवेदन दिन सक्नेः

(१) दफा १० को उपदफा (७) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनका लागि प्रादेशि स्वास्थ्य संरचना समय निवेदन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त भएको निवेदन उपर अनुमति प्रदान गर्ने निकायको प्रतिक्रिया समेत लिई प्रादेशिक स्वास्थ्य संरचनाले छानविन गरी यथाशीघ्र निर्णय गर्ने छ । र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचनाले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

१४. स्वास्थ्य सेवा सञ्चालन : (१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु पाइने छैन ।

(२) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्था लाई आवश्यक कानूनी कारवाही का लागि गृह मन्त्रालय मार्फत वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाईनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछः-

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडिया इमजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवा,

(छ) प्राथमिक उपचार तथा परामर्श सेवा

(ज) फार्मेसी सेवा,

(झ) फिजियोथेरापी सेवा,

(ञ) अस्पताल व्यवस्थापन,

(ट) वातावरण व्यवस्थापन,

(ठ) स्वास्थ्य सस्थाबाट निष्काशित फोहर मैला व्यवस्थापन,

(ड) सघन उपचार सेवा

(ढ) विशेषज्ञ सेवा

(ण) रक्त संचार सेवा

१५. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड : (१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायका गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनुपर्नेछ :–

(क) बहिरंग विभागमा आउने बिरामीको चापको आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउनुपर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनुपर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाइबाट प्रदान गर्न स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागू गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्न चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बारखुल्ने गरी) सवैले देख्ने ठाउमा राखिएको हुनुपर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएका विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(च) बिरामीले आफूले सेवा लिन चाहेका चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

(छ) बिरामी वा बिरामीका रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबार स्पष्ट जानकारी दिने व्यवस्था हुनुपर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ ।

(झ) सवैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्न व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनुपर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बिरामी वडापत्र (Patient Charter) अस्पतालमा नेपाल सरकारले अनुसूची-७ ढाँचामा तयार गरी सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेकोहुनु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(त)  अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्नेछ ।

(थ) अस्पतालमा रहेका आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ र सोको विवरण अनुसुची ८ बमोजिमको ढाँचामा सबैले देख्न ठाँउमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्न, रिफर गर्ने, बिरामीका रेफरल प्रक्रिया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सोको व्यहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा  उपचारको लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुटयाई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन यस गाउँपालिका को कार्यालयमा रहेको स्वास्थ्य शाखामा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमको सुविधाको व्यवस्था हुनुपर्ने र आवश्यक मात्रामा शैया छुटयाउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र तथा गाउँपालिका को भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्नेछ ।

(ब) अस्पतालले विपद व्यवस्थापनको कार्य योजना बनाएको हुनुपर्नेछ । सो कार्यको लागि सम्पर्क व्यक्ति तोकी सो को जानकारी गाउँपालिका लाई दिनुपर्नेछ ।

(भ) सम्बन्धित स्वास्थ्य संस्थाले सूचना अधिकारी सूचना अधिकारी तोक्नु पर्नेछ ।

## परिच्छेद ४

## अस्पताल सम्बन्धी मापदण्डहरू

१६. अस्पताल  सम्बन्धी मापदण्डहरु : (१) स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ अनुसार हुनेछ :–

(क) अस्पताल रहने स्थान धुवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको ।

(ख) अस्पताल रहने क्षेत्र र हाता भित्र उपयुक्त सुरक्षाको व्यवस्थाभएको ।

(ग) अस्पताल स्थापनाहुने स्थान सडक यातायातको पहुच भएको ।

(घ) पानी, बिजुली र सञ्चार सुबिधा उपलब्ध भएको ।

(ङ) सवारी साधन पार्किङका लागि पर्याप्त व्यवस्था भएको ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि बृक्षारोपण तथा बगैचाको व्यवस्था भएको ।

(छ) जोखिमपूर्ण फोहर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै, स्वास्थ्य संस्था जन्यफोहरमैला व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा कार्य सञ्चालन विधि– २०७७, फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको ।

(२) आकस्मिक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः (क) कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरू उपलब्ध हुनुपर्नेछ । आकस्मिक सेवाका लागि छुट्याएको शैयालाई देहायअनुरुप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनुपर्नेछ :–

(१)Red (R) . अति सिकिस्त बिरामीको सेवा दिने

(२) Yellow (Y) . सिकिस्त बिरामीको सेवा दिने,

(३) Green (G) . सामान्य बिरामीको सेवा दिने,

(४) Black (B) . मृत्यु भईसकेका बिरामीलाई राख्ने

(५) Observation Room/Bed अनिवार्य हुनुपर्नेछ ,

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरूमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हिलचेर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्नेछ ।

(ग) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज (Triage Room) चेन्जिङ्ग रुम, Medico-legal Case जस्तै Rape Victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(घ) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ङ) पन्ध्र शैया क्षमताका अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकल ( On- Call) मा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ ।

(च) आकस्मिक विभागवाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया तथा बिरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनुपर्नेछ ।

(छ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद–व्यवस्थापन योजना बनाएको हुनुपर्नेछ ।

(३) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछः

(क) अस्पतालबाट प्रदान हुने प्रत्येक सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको ।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भए सम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको ।

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-
(क) अस्पतालमा शल्यक्रिया पश्चात पनि बिरामीको अवस्था स्थिर नभए सम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनुपर्ने र तत्पश्चातपनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने ।

(ख) नर्सिङ्ग ड्यूटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने । उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नुपर्ने ।

**(५) एलाईड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-**(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनुपर्ने ।

(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरू ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने –व्हील चेयर/ट्रली, स्टेचर) गरी संचालनमा ल्याएको हुनुपर्ने ।

(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरूमा प्रतिक्षालय, शौचालय, चेन्जिङ रुमको समेत व्यवस्था भएको हुनुपर्ने ।

**(६) औषधि पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनुपर्नेछः-**

(क) अस्पताल हाता भित्र औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम गर्नुपर्नेछ ।

(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने । साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्ने ।

(घ) उपचारमा प्रयोग गरिने लागू औषधहरु (Narcotic drugs) लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम स्वास्थ्य संस्थाले चिकित्सकको लिखित प्रेस्क्रीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नुपर्नेछ ।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल सरकारको स्वास्थ्य जन्य एवं औषधि जन्य फोहोरमैला व्यवस्थापनमा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नुपर्नेछ ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्ने ।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनुपर्ने ।

(ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नुपर्नेछ ।

(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनुपर्ने ।

**(७) अस्पताल व्यवस्थापन (Hospital Management) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :**

(क) सोधपुछ तथा गुनासो सुनुवाई कक्षः (१) सेवाग्राहीहरूको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूछ कक्षको व्यवस्था हुनुपर्ने ।

(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनुपर्ने ।

(ख) सूचना संप्रेषणः (१) अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल को ब्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्ने ।

(२) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्ने ।

(ग) पानी वितरण : (१) अस्पतालमा बिरामी र अन्य ब्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको आपूर्ति हुनुपर्ने ।

(२) अस्पतालद्वारा वितरण हुने पानीको गुणस्तर परिक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनुपर्ने । बहिरंग, नर्सिङ्ग कक्ष, अन्तरंग, अपरेशन थिएटर र आपतकालीन कक्षहरुमा पानी व्यवस्था हुनुपर्ने ।

(घ) विद्युत आपूर्तिः (१) अस्पताल क्षेत्र भित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनुपर्ने । साथै लोडसेडिङको समयमा विद्युत आपूर्ति गर्न अटो मेटिक ब्याक अप सिष्टम स्थापना गरेको हुनुपर्ने ।

(२) ओ.टी., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरूमा आपतकालीन विद्युत व्याक–अप सिष्टम राखेको हुनुपर्ने ।

(ङ) सरसफाई तथा शौचालय ब्यवस्था : (१) अस्पतालको सम्पूर्ण क्षेत्र सधैं सफा राख्नु पर्नेछ ।

(२) अस्पतालमा देहाय बमोजिमको सेवा दिईने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यवस्था हुनुपर्नेछ :-

(क) आकस्मिक कक्ष
(ख) लेवर रुम
(ग) प्याथोलोजी सेवा
(घ) बहिरंग विभाग –आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग )
(ङ) प्रति छ बेडको जनरल सेवामा एक

(च) महिला तथा अपाङ्गताका लागि अलगै

(छ) क्याविन तथा डबल रुमका लागि (एटेच भएको)

(ज) डाक्टर तथा स्टाफका लागि (आवश्यकतानुसार)

(३) अस्पताल हाता भित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको शौचालयको ब्यवस्था हुनुपर्नेछ ।

(४) शौचालय सधैं सफा राख्ने ब्यवस्था गरेको हुनुपर्नेछ ।

(५) मर्मत सम्भार व्यवस्था : (क) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठूला र गम्भीर प्रकृतीका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्य योजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ ।

(ख) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणहरूको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(६) बिरामी कुरुवालाई सुविधा : अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनुपर्नेछ ।

(७) लण्ड्री व्यबस्था : (क) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनुपर्ने ।

(ख) अस्पताल भर्ना भएका बिरामीको लुगाधुने सुविधाको व्यवस्था भएको हुनु पर्ने ।

(८) भण्डार (Store ) व्यवस्था : (क) आपत्कालीन अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डार कक्ष हुनुपर्ने । यस्तो भण्डारमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्ने ।

(ख) अस्पतालको लागि आवश्यक लत्ताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथाऔषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको - Refrigerator, Ventilation, A/C) आदि व्यवस्था गरेको हुनुपर्ने ।

(९) सुरक्षा व्यवस्था : (क) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्ने।

(ख) आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्ने ।

(१०) यातायातको व्यवस्थाः अस्पतालले कम्तिमा रात्रीकालिन समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था अनिवार्य रुपमा मिलाउनुपर्नेछ ।

(११) स्थान तथा जग्गा पूर्वाधारः (क) अस्पताल रहने स्थान (Location): अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदूषणमुक्त क्षेत्रको छनौट गर्न पर्नेछ ।

(ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनुपर्नेछ । आफ्नो जग्गा नभएको हकमा कम्तीमा पन्ध्र बर्षका लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(ग) आफ्नो जग्गा नभएका पन्ध्र शैयाका अस्पतालले कम्तिमा पन्ध्र बर्षका लागि घर जग्गा भाडा (लिज) मा लिई सेवा सञ्चालन गर्न सक्नेछ । तर भाडामा लिईएको भवन, भवन संहिताका मापदण्ड अनुरुप निर्माण भएको हुनुपर्छ ।

(१२) अस्पतालको भवन (Building) :(क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन भवन ऐन, २०५५ को दफा ११ मा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनुपर्नेछ । भवन संहिता तथा सम्बन्धित गाउँपालिका वा नगर विकास समितिले जारी गरेको मापदण्ड बमोजिम सो भवन निर्माण भएको सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालयबाट सिफारिस प्राप्त गरेको हुनुपर्नेछ ।

(ख) भवनमा सर्वसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनुपर्नेछ ।

(ग) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी., प्रयोगशाला, वार्ड, फार्मेसी, क्यान्टिनको व्यवस्था हुनुपर्नेछ ।

(घ) अस्पतालमा व्हिलचेयर तथा ट्रलिको सहज आवागमनको व्यवस्थाका लागि लिफ्ट/ र्याम्प व्यवस्था भएको हुनुपर्नेछ ।

(ङ) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ ।

(च) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन र एम्वुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्नेछ । न्यूनतम पार्किङ कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनुपर्नेछ ।

(छ) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांगमैत्री हुनुपर्नेछ ।

(ज) व्हिलचेयर, ट्रलि, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनुपर्ने र यस्ता सामग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनुपर्नेछ ।

(१३) स्वास्थ्य क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु: (१) स्वास्थ्य क्लिनिक मा स्वास्थ्य जाँच गर्ने चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बधित काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तिर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३) स्वास्थ्य क्लिनिक/स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमको आवश्यक न्यूनत्तम भौतिक सुविधाहरु हुनुपर्नेछ :

(क) बिरामीको जाँच गर्ने (Examination Room) कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्ने (कम्तिमा १४ वर्ग मिटरको) १
(ख) बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ) १
(ग) बिरामी जाँच्ने टेबुल.ख १
(घ) चिकित्सकको लागि टेबुल १
(ङ) चिकित्सकको लागिकुर्सी १
(च) बिरामी बस्ने टुल १
(छ) शौचालयको व्यवस्था १
(ज) टेलिफोन (स्वेच्छिक)
(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचना मूलक पोष्टर तथा अन्य सामाग्री
(ञ) पानीको आपूर्ति भएको हुनुपर्ने ।

(५) सेवा र बिषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर हुनुपर्नेछ ।

(७) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलीकृत गर्ने व्यवस्था हुनुपर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने अन्य व्यक्तिको योग्यताको प्रमाणप्रत्र र सम्बन्धित परिषद् मा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सवैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(१०) मासिक प्रतिवेदन गाउँपालिका को स्वास्थ्य शाखामा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(१४) फोहरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनुपर्नेछ

(क) अस्पताल एवं अन्य स्वास्थ्य संस्थाहरुबाट निष्काशित फोहरमैलाको व्यवस्थापन स्वास्थ्य संस्था जन्य फोहरमैला व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा कार्य सञ्चालन विधि– २०७७, फोहरमैला व्यवस्थापन ऐन २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० ले तोके बमोजिम हुनुपर्ने ।
(ख) स्वास्थ्य संस्थाहरुबाट निस्कासन हुने फोहरमैला स्वास्थ्य संस्था जन्य फोहरमैला व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा कार्य सञ्चालन विधि– २०७७ अनुसार स्रोतमै अलगअलग छुटयाउने, संकलन, निःसंक्रमिकरण, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
(ग) अस्पतालबाट सृजित संक्रमण जन्य फोहरलाई निःसंक्रमिकरण (Disinfection) तथा निर्मलीकरण (Sterilization) गरेर मात्र अन्तिम व्यवस्थापन गर्नुपर्ने ।
(घ) अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजीटल प्रबिधियुक्त उपकरण प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद ५

## मानव संशाधन व्यवस्थापन

१७. जनशक्ति विकास योजना : अस्पतालको शैया क्षमताको आधारमा देहाय बमोजिमको न्युनतम जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ :–

(क) प्रति १५ शैयाका लागि एक जना एम.डी.जी.पी. चिकित्सक हुनुपर्नेछ । एम.डी.जी.पी.चिकित्सक नभएको अवस्थामा प्रसुती तथा स्त्री रोग विशेषज्ञ र बालरोग विशेषज्ञ हुनुपर्नेछ ।

(ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तीमा एक जना शल्य चिकित्सक, एक जना एनस्थेटिक्स, एक जना इन्चार्ज, एक जना शल्यक्रिया सहायक र एक जना नर्स हुनुपर्नेछ ।

(ग) जनरल कक्ष (General Ward) मा प्रति चार देखि छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको हुनुपर्नेछ ।

(घ) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष ( Post- Operative Ward) मा प्रति दुई शैयामा एक जना नर्स हुनुपर्नेछ ।

(ङ) प्रसुती कक्षका लेवर वेडमा प्रति वेड दुई एस.वी.ए. (Skilled Birth Attendants-SBA) तालिम प्राप्त नर्स वा मीड-वाईफ्री को व्यवस्था हुनुपर्नेछ ।

(छ) अस्पतालमा कम्तीमा एक जना मेडिकल रेर्कडर हुनुपर्नेछ ।

(ज) अस्पतालमा चौबीसै घण्टा सेवा उपलब्ध गराउन गरी फर्मासिष्ट लगायत आवश्यक सख्यामा जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

(झ) अस्पतालमा कम्तीमा दुई तिहाइ पूर्णकालीन स्वास्थ्यकर्मी हुनुपर्नेछ ।

(ट) हरेक स्वास्थ्यकर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलवाट दर्ता नम्बर लिएको हुनुपर्नेछ ।

(ठ) विदेशी स्वास्थ्यकर्मी वा स्वयम सेवकले मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलवाट स्वीकृति लिएको हुनुपर्नेछ ।

१८. जनशक्ति सम्बन्धी विस्तृत विवरण : १५ शैया सम्मका अस्पतालहरुमा देहाय बमोजिमको जनशक्ति हुनुपर्ने छ ।

| **क्र. सं.** | **पद/उपाधि** | **संख्या** |
|---|---|---|
| १ | फिजिसियन | १* |
| २ | सर्जन | १* |
| ३ | बालरोग विशेषज्ञ | १* |
| ४ | हाड तथा जोर्नी विशेषज्ञ | १* |
| ५ | स्त्रीरोग विशेषज्ञ | १* |
| ६ | यौन तथा छाला रोग विशेषज्ञ | १* |
| ७ | प्याथोलोजिष्ट/बायोकेमिष्ट/माइक्रोबायोलोजिष्ट | १* |
| ८ | मेडिकल टेक्नोलोजिष्ट | १# |
| ९ | ल्याब टेक्निसियन | १ |

| | | |
|---|---|---|
| १० | ल्याब असिस्टेन्ट | १ |
| ११ | रेडियोलोजिष्ट | १* |
| १२ | रेडियोगाफीटेक्नोलोजिष्ट/रेडियोगाफीअधिकृत/वरिष्ठ | |
| १३ | नाक,कान,घाँटीरोग सर्जन | १* |
| १४ | नेफ्रोलोजिष्ट | १* |
| १५ | अप्थालमोलोजिष्ट | १* |
| १६ | एनेस्थेटिष्ट | १* |
| १७ | डेन्टल सर्जन /बि.डि.एस. | १* |
| १८ | मुटुरोग विशेषज्ञ | १* |
| १९ | स्नायुरोग विशेषज्ञ | १* |
| २० | मानसिक रोग विशेषज्ञ | १* |
| २१ | एम.डि.जि.पि. | १*! |
| २२ | मेडिकल अधिकृत (एम.बि.बि.एस) | ४ |
| २३ | मे.सु/निर्देशक | १* |
| २४ | मेट्रोन | १* |
| २५ | सहायककमट्रान | १* |
| २६ | सिष्टर/बि.एन. | १ |
| २७ | स्टाफ नर्स | ५ |
| २८ | अ.न.मी | ५ |
| २९ | हे.अ/सिअहेव | २ |
| ३० | अ.हे.व | ३ |
| ३१ | फिजियोथेरापिष्ट | १ |
| ३२ | दन्त सहायक | १ |
| ३३ | हाउस किपर | १ |
| ३४ | अस्पताल प्रशासक | १ |
| ३५ | सहायकप्रशासक | १ |
| ३६ | मेडिकल रेकर्डर | १ |
| ३७ | लेखापाल/स.लेखापाल | १ |
| ३८ | रिसेप्सनिष्ट | |
| ३९ | स्टोर किपर | १ |
| ४० | फर्मासिष्ट/फार्मेसि सहायक | १ |

| | | |
|---|---|---|
| ४१ | इसिजी टेक्निसियन | १ |
| ४२ | डाइटिसियन | १ |
| ४३ | वार्ड एटेन्डेन्ट महिला/पुरुष | ~ |
| ४४ | सुरक्षा गार्ड | ~ |
| ४५ | अडियोलोजी असिस्टेन्ट | १ |
| ४६ | स्पिच थेरापिष्ट | १ |
| ४७ | एनेस्थेसिया असिस्टेन्ट | १ |
| ४८ | इमरजेन्सी पारामेडिक्स | १ |
| ४९ | इमरजेन्सी नर्स | १ |

*. Desirable
#. Part time
^. If ICU with Ventilator
!. If other (at least Gynaecologist and Pediatrician) specialist are not available then mandatory
@. Masters in Nursing
~ As per need

## परिच्छेद ६

## औजार तथा उपकरणहरु

१९. .उपकरण सम्बन्धि विवरणः अस्पतालमा रहने प्रयोगशाला तथा उपकरणका हकमा देहायमा उल्लेख भए बमोजिम व्यवस्था गर्नु पर्नेछ :–

(क) प्रयोगशालाका औजार तथा उपकरणहरु (Laboratory Instruments )

| SN | Name of Instruments | UNIT | BED |
|---|---|---|---|
| 1 | Microscope | pcs | 1-3 |
| 2 | Semi Auto Alalyzer (Bio Chemistry) | set | 1 |
| 3 | Incubator | set | 1 |
| 4 | Chemical Balance | set | 1 |
| 5 | Electrolyte Analyzer | set | 1 |
| 6 | Colorimeter | Set | 1-3 |
| 7 | Hot air Oven | Set | 1 |
| 8 | Autoclave | Set | 1 |
| 9 | Refrigerator | Set | 1-2 |
| 10 | Blood cell counter (18 parameters or above) | pcs | 1* |

| | | | |
|---|---|---|---|
| 11 | Generator | set | 1 |
| 12 | Centrifuge | pcs | 2 |
| 13 | Counting Chamber | pcs | 1-2 |
| 14 | DLC counter | pcs | 1-2 |
| 15 | Pipettes, Glassware/kits<br>/Consumables | pcs | As per need |
| 16 | Incinerator | set | 1 |
| 17 | Glassware/kits/ reagent consumables | As per need | |
| 18 | Computer with printer | set | 1 |

*. Desirable

(ख) Imaging Equipment

| SN | Name of the Equipment | No. of Beds 25 |
|---|---|---|
| 1 | 300 ma X-ray<br>machine | 1 |
| 2 | 100 ma X-ray<br>machine | 1 |
| 3 | 100 ma X-ray<br>machine (MOBILE) | 1 |
| 4 | Dry View Processer<br>(CR System) | स्वेच्छिक |
| 5 | Dental X-ray<br>machine | स्वेच्छिक |
| 6 | Ultra-sound machine<br>with color droppler and guided biopsy | 1 |
| 7 | Echocardiogram | : स्वेच्छिक |

ग) List of essential instruments for Emergency :

| S.N. | Name of Drugs |
|---|---|
| 1 | Ambu bag with mask |
| 2 | Artery Forceps |

| | |
|---|---|
| 3 | Salbutamol Inhaler |
| 4 | Povidine Iodine |
| 5 | Blood Transfusion Set |
| 6 | BP Instrument |
| 7 | Clinwax ear drop |
| 8 | Crepe Bandage 4” |
| 9 | Crepe Bandage 6” |
| 10 | Dissection Forceps non-tooth |
| 11 | Dissection Forceps tooth |
| 12 | Disposable Syringes 3cc, 5cc, 10cc, 20cc |
| 13 | Endotracheal tube (Pediatric and Adult) 3.0-8.5 |
| 14 | Laryngeal mask airway 3.0-8.5 |
| 15 | Foley’s cathter 6f-20f, 3 way |
| 16 | Gloves No. 6, 6.5, 7, 7.5 |
| 17 | I.V. Cannula 14G-24G |
| 18 | I.V. Set + Pediatric Burret |
| 19 | I.V. Infusion Set |
| 20 | C.V.P. line Set |
| 21 | Chest Tube (Different Sizes) |
| 22 | Ipratropium bromide inhaler + Solution |
| 23 | Knee hammer |
| 24 | Laryngoscope with blade (Adult, Pediatric sizes) |
| 25 | Leucoplast |
| 26 | Oxymetazoline nasal drop |
| 27 | Needle holder |
| 28 | Ryle’s tube (N/G tubes) |
| 29 | Scissors (Different sizes) |
| 30 | Silver sulphadiazine cream |
| 31 | Stethoscope |
| 32 | Suction machine with tubes |
| 33 | Thermometer |
| 34 | Sphygmomanometer |
| 35 | Tongue depressor |
| 36 | Torch light |
| 37 | Uro bag |
| 38 | Wooden splint different sizes |

| | |
|---|---|
| 39 | Spinal board-1 |
| 40 | Cervical collar 1-5 |
| 41 | Antibiotic Injection (Different) |
| 42 | Pulse Oxymeter-1 |
| 43 | Otoscope-1 |
| 44 | Ophthalmoscope-1 |
| 45 | Glucometer-1 |
| 46 | Digital clock |

## परिच्छेद ७

## दन्त रोग सेवा वा सेवा केन्द्र सम्वन्धि मापदण्ड

२०. दन्तरोग सम्वन्धि मापदण्ड :

### खण्ड १: दन्त क्लिनिक (Dental Clinic)

यो मापदण्ड १ देखि २ वटा डेन्टल चियर राखी सामान्य दन्त सेवा (General Dental Services) प्रदान गर्ने क्लिनिकहरूको लागि लागू हुन्छ।

### क) न्यूनतम जनशक्ति (Human Resources)

- **सञ्चालक/मुख्य चिकित्सक:** नेपाल मेडिकल काउन्सिल (NMC) मा दर्ता र नवीकरण भएको न्यूनतम **BDS** (Bachelor of Dental Surgery) उत्तीर्ण दन्त चिकित्सक (१ जना)।
- **सहायक जनशक्ति:** नेपाल स्वास्थ्य व्यवसायी परिषद् (NHPC) मा दर्ता भएको **डेन्टल हाइजिनिस्ट** (Dental Hygienist) वा **डेन्टल असिस्टेन्ट** (१ जना)।
- **सहयोगी:** क्लिनिकको सरसफाई र प्रशासनिक सहयोगका लागि कार्यालय सहयोगी (१ जना)।

### ख) भौतिक पूर्वाधार र कोठाहरू (Physical Infrastructure)

दन्त क्लिनिक सञ्चालन हुने भवन व्यावसायिक वा उपयुक्त हुनुपर्छ। यसमा न्यूनतम निम्न कोठाहरू आवश्यक पर्छन्:

1. **प्रतीक्षा कक्ष तथा दर्ता काउन्टर (Waiting & Reception):** बिरामी र कुरुवाहरू बस्नका लागि पर्याप्त र खुला ठाउँ।

2. **मुख्य उपचार कक्ष (Clinical/Procedure Room):** डेन्टल चियर वरिपरि चिकित्सक र सहायकलाई काम गर्न कम्तीमा **१०० वर्ग फिट (प्रति चियर)** को खुला ठाउँ हुनुपर्ने।
3. **औजार निसङ्क्रमण क्षेत्र (Sterilization Zone):** संक्रमण नियन्त्रणका लागि ओजार धुने र अटोक्लेभ गर्ने छुट्टै स्थान वा कुना।
4. **शौचालयः** बिरामी र कर्मचारीका लागि उपयुक्त र सफा शौचालयको व्यवस्था।
5. **उज्यालो र भेन्टिलेसनः** उपचार कक्षमा पर्याप्त प्राकृतिक वा कृत्रिम उज्यालो र हावा आउजाउ गर्ने (Ventilation) राम्रो व्यवस्था।

### ग) उपकरण तथा सामग्रीहरू (Equipment & Instruments)

- **Functional Dental Chair Unit:** कम्प्रेसर सहितको पूर्ण रूपमा चल्ने इलेक्ट्रोनिक वा हाइड्रोलिक डेन्टल चियर (जसमा 3-way syringe, micromotor, scaler, light र spittoon जडान भएको होस्)।
- **Sterilization Equipment:** औजारहरू निसङ्क्रमण गर्न **Class B Autoclave** (अनिवार्य) वा न्यूनतम भ्याकुम अटोक्लेभ। (Dry Heat Sterilizer/Hot Air Oven लाई मात्र अब पर्याप्त मानिदैन)।
- **Dental X-ray (IOPA):** दाँतको भित्री एक्सरेका लागि IOPA मेसिन र डिजिटल सेन्सर (RVG) वा एक्सरे डेभलपिङ कोठा।

*नोटः एक्सरे मेसिन रहने कोठाको भित्तामा रेडिएसन नियन्त्रणका लागि लीड लाइनिङ (Lead Lining) वा आवश्यक सुरक्षा मापदण्ड पूरा हुनुपर्छ र एप्रोन (Lead Apron) अनिवार्य हुनुपर्छ।*

- **Emergency Kit:** अक्सिजन सिलिन्डर/कन्सन्ट्रेटर, आकस्मिक औषधिहरू (Adrenaline, Atropine, Hydrocortisone, Antihistamines आदि), र प्राथमिक उपचार किट।
- **दन्त उपचारका सामान्य औजारहरूः** Extraction forceps, RCT instruments, filling instruments (composite/amalgam/GIC), scaling instruments, र standard diagnostic instruments (mirror, probe, tweezers) पर्याप्त सेटमा हुनुपर्ने।

## खण्ड २ः अस्पतालको दन्त विभाग (Dental Department for Hospital)

यो मापदण्ड जनरल अस्पताल (General Medical Hospital) भित्र स्थापना गरिने दन्त विभागका लागि लागू हुन्छ। अस्पतालको बेड क्षमता र स्तर अनुसार यो बढी व्यवस्थित र सुसज्जित हुनुपर्छ।

### क) जनशक्ति (Human Resources)

- **विभागीय प्रमुख/कन्सल्टेन्ट (Consultant):** नेपाल मेडिकल काउन्सिल (NMC) मा विशेषज्ञको रूपमा दर्ता भएको न्यूनतम **MDS** (Master of Dental Surgery) उत्तीर्ण चिकित्सक।
- **दन्त चिकित्सक (Medical Officer - Dental):** बिरामीको चाप अनुसार थप BDS चिकित्सकहरू।
- **नर्सिङ तथा प्राविधिक स्टाफः** प्रमाणपत्र तह (Diploma) उत्तीर्ण भएका र NHPC मा दर्ता भएका डेन्टल हाइजिनिस्ट वा नर्सिङ स्टाफहरू।
- **प्रशासनिक सहयोगीहरूः** विभागको आफ्नै दर्ता, फाइल व्यवस्थापन र क्यास काउन्टरका लागि कर्मचारी (अस्पतालको साझा प्रशासन बाहेक)।

## ख) भौतिक पूर्वाधार (Hospital Dental OPD Layout)

- **अवस्थितिः** अस्पतालको ओपिडी (OPD) ब्लकभित्र बिरामीहरू सजिलै पुग्न सक्ने, अपाङ्गमैत्री (Wheelchair Accessible) स्थानमा हुनुपर्छ।
- **क्षेत्रफलः** बहुसंख्यक डेन्टल चियरहरू (Multiple Chairs) राख्नका लागि पर्याप्त ठाउँ। प्रत्येक चियरको बीचमा विभाजन (Partition) वा छुट्टाछुट्टै क्याबिन हुनुपर्छ।
- **Sterilization Room (CSSD):** अस्पतालको केन्द्रिय निसङ्क्रमण विभाग (CSSD) सँग जोडिएको वा दन्त विभाग भित्रै छुट्टै आधुनिक स्टेरिलाइजेसन कोठा।
- **Minor OT (साना शल्यक्रिया कक्ष):** सामान्य दाँत उखेल्ने भन्दा जटिल शल्यक्रिया (जस्तैः Impacted tooth removal, minor cyst removal) का लागि छुट्टै साना शल्यक्रिया कक्ष (Minor OT)।

## ग) उन्नत उपकरण तथा सेवाहरू (Advanced Equipment)

- **Multiple Dental Chairs:** अस्पतालको क्षमता अनुसार न्यूनतम २ वा सोभन्दा बढी आधुनिक डेन्टल चियरहरू।
- **Advanced Dental Imaging:**
  - दाँतको एक्सरे (IOPA - RVG) का साथै मुख र बङ्गाराको पूरै भाग देखिने **OPG (Orthopantomogram)** वा **CBCT** मेसिन।
- **Emergency & OT Support Integration:**
  - अस्पतालको मुख्य आकस्मिक कक्ष (Emergency) र मुख्य शल्यक्रिया कक्ष (Major OT) सँगको समन्वय। जसमा बङ्गारा भाँच्चिएको (Maxillofacial Trauma) वा बेहोस

पारेर गरिने दन्त उपचार (Dental treatment under General Anesthesia) गर्न सकियोस्।

- **Central Suction and Compressor System:** अस्पतालको मापदण्ड अनुसार सुरक्षित र ध्वनि प्रदूषण कम हुने गरी जडान गरिएको सेन्ट्रल कम्प्रेशर र सक्सन प्रणाली।

**दुवैका लागि साझा र अनिवार्य मापदण्डहरू**

**१. बायोमेडिकल फोहोरमैला व्यवस्थापन (Waste Management)**

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड अनुसार क्लिनिक वा विभाग दुवैमा फोहोरको उचित व्यवस्थापन अनिवार्य छः

- **रङ वर्गीकरण (Color Coding):** जैविक जोखिमयुक्त (Infectious) फोहोरका लागि रातो बाल्टिन, सामान्य फोहोरका लागि कालो बाल्टिन, र सिरिन्ज वा सियो काट्नका लागि **Hub Cutter** र तीखा वस्तु राख्ने पहेंलो सुरक्षित बट्टा (Sharp Container)।
- **फोहोर विसर्जनः** स्थानीय तह वा फोहोरमैला व्यवस्थापन गर्ने स्वीकृत संस्थासँग अनिवार्य सम्झौता।

**२. प्रशासनिक तथा कानुनी कागजातहरू**

- **दर्ता इजाजत पत्रः** सम्बन्धित स्थानीय तह (पालिका), घरेलु/कम्पनी रजिष्ट्रार र स्वास्थ्य कार्यालय/निर्देशनालयबाट जारी अनुमति पत्र।
- **प्यान/भ्याट दर्ताः** आन्तरिक राजस्व कार्यालयबाट प्राप्त स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र।
- **कर्मचारी सम्झौताः** कार्यरत डाक्टर र सहायकहरूको नियुक्ति पत्र र परिषद् (NMC/NHPC) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- **दैनिक रेकर्ड (Log Book):** दैनिक बिरामीको विवरण, उपचार विधि, र एक्सरे प्रयोगको लगबुक सुरक्षित राखिएको हुनुपर्ने।

## परिच्छेद ८

## २१ स्वास्थ्य क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु :

.स्वास्थ्य क्लिनिक सम्बन्धी  मापदण्ड तथा पूर्वाधारहरु : (१) स्वास्थ्य क्लिनिक मा स्वास्थ्य जाँच गर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS वा सो सरह को चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ

(२)  परामर्श  सेवा दिन व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३)  क्लिनिकमा रेडियोलोजी इमजि सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा

सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निधारित पूर्वाधार पुरा गर्नुपर्नेछ ।

(४)  स्वास्थ्य क्लिनिक स्वास्थ्य  सेवा  संचालनका लागि  देहाय बमाजिमको आवश्यक न्युनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :–

(क) बिरामीको जाँच गर्न Ventilated  वा Air Conditioned कोठा १

सेवा अनुसारको छुट्टाछुट्टै –कम्तीमा १४ वर्ग मिटरका)

(ख) बिरामी बस्ने ठाउ  १

(ग) बिरामी जाँच्न टेबल १

(घ) चिकित्सकको लागि टेबल १

(ङ) चिकित्सकको लागि कुर्सी १

(च) बिरामी बस्न टुल १

(छ) शौचालयको व्यवस्था –अपाङ्गमैत्री सहित) २

(ज) टेलिफोन, इन्टरनेट / Webpage

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचना मूलक पोष्टर तथा अन्य सामग्री

(ञ) स्वच्छ पानीको आपूर्ति

(ट) निरन्तर विधुत आपूर्ति

(५)  सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुका व्यवस्था गर्नुपर्नेछ ।

(६) बिरामीका सम्पूर्ण विवरण राख्नका लागि कम्प्यूटर वा रजिष्टर गर्नुपर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ ।

(८) क्लिनिकमा काम गर्न सम्पुर्ण कर्मचारीको योग्यताका प्रमाणप्रत्रका प्रमाणित प्रतिलिपी साथ प्राविधिक कर्मचारीहरुको सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपी राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाण पत्र सबैले देख्न ठाँउमा राख्नु पर्नेछ ।

(१०) पालिकाबाट तोकिएका एकीकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीका ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन गाउँपालिका कार्यालयमा पठाउन पर्नेछ ।

<u>२२. रेडियोेलोजी वा इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :</u>

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाइग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु

समावेश गरिएका छ :–

- X-Ray ( Upto 300mA )
- Ultrasonogram ( USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेका थप प्रविधिको लागि माग भएमा पालिकाको

सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

(३) रेडियोलोजी डायग्नोष्टिक तथा इर्मजिङ्ग सेवाबाट पनि विकिरणका दुष्प्रभावलाई कम गर्न का लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ

(क) एक्स-रे का लागि :

(१) एउटा एक्स-रे मेसिनका लागि कम्तीमा २२५ स्क्वायर फिटका कोठा हुनुपर्ने ।

(२) एक्स-रे गर्ने कोठाको भित्ताको मोटाई ( Wall Thickness)

(क) ९ ईञ्च With Plaster वा

(ख) ६ Inch with 20mm Lead Barrier वा

(ग) २.० एम.एम. lead thickness हुनुपर्ने । साथै झ्याल, ढोका तथा भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्ने ।

(३) एक्स-रे सेवा प्रदान गर्न व्यक्तिको लागि एक्सरे कोठा भित्र ०.५ mm का एप्रोन तथा Radiation Protective Measures को व्यवस्था हुनुपर्ने ।

(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि Radiation Dose Monitor

उपलब्ध हुनुपर्दछ र समय समयमा Radiation Survey Monitoring गर्नुपर्ने ।

(५) Eye, Gonadal, Thyroid Gland आदिका Protection का Glass/Gloves/ Lead Apron को व्यवस्था हुनुपर्ने ।

(६) एक्स-रे एक्स्पोज गर्न कोठा डार्करुम र प्रतिक्षा गर्न कक्ष छुट्टाछुट्टै हुनुपर्ने ।

(७) Radoilogy विभागमा जन साधारणाल देख्न ठाउमा Radiation विकिरणले स्वास्थ्यमा खराव असर पर्न सक्छ भन्ने बारे सूचना गर्ने । साथै सूचना मा गर्भवती महिला तथा बालबालिकालाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने ।

(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यताः रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनुपर्नेछ :–

(१) रेडियोलोजिष्टः- मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतीर्ण गरी रेडियोलोजी विषयमा एम.डी, डी.एम.आर.डी., एफआर.सी.आर वा सो सरह कोर्ष उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(२) रेडियोलोजी एण्ड इमेजिङ्गका रिपार्टिङ्ग रेडियोलोजिष्टहरुले मात्र गर्न पाउनका साथै Radiological Interventional Procedure हरु पनि यथासम्भव रेडियोलोजिष्टहरुले गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

(३) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्नबमाजिम हुनु पर्नेछ :

(क) Medical Physicist M– Medical Physics विषयमा स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरको

(ख) बायोमडिकल इन्जिनियर :- बायोमडिकल इन्जिनियरिङ्ग विषयमा मान्यताप्राप्त शिक्षण सस्थाबाट स्नातकतह उत्तीण गरको हुन पर्नेछ ।

(ग) सिनियर रेडियो ग्राफिक टेक्नोलोजिष्ट :-सम्वन्धित विषयमा MSc. Radiography गरी कम्तीमा स्नातक तहमा ३ वर्ष काम गरेका हुनुपर्छ ।

(घ) रेडियोग्राफीक अधिकृत (रेडियाग्राफिक टेक्नोलाजिष्ट) :- चिकित्सा शास्त्र अध्ययन सस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य सस्थान यस रेडियोग्राफीक विषयमा BSc.MIT, Bsc.RT_ स्नातक तह उत्तीर्ण गरेका हुनुपर्ने । साथै NHPC (Nepal Health Professional Council) मा दर्ता हुनुपर्ने ।

(ङ) रेडियोग्राफर :- चिकित्सा शास्त्र अध्ययन सस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी बिषयमा प्रमाण पत्र तह उतीर्ण गरेका हुनुपर्ने ।

२१. **Radiation Measurement and Protection** सम्बन्धी व्यवस्थाः Radiation Protection व्यवस्थित गर्न र X- Ray Unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयले तोकेका निकायमा राख्र र अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monitor गर्न । विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुनकाम गर्न व्यक्तिमा radiation of dose 20 Milisievert per year (WHO) का सन २००२ का मापदण्ड अनुसार देखिएमा उपर्युक्त क्षतिपूर्तिका व्यवस्था सम्बन्धित संस्थाले मिलाउनपर्नेछ ।

(क) **Ultrasonogram (USG)** : Ultrasonogram (USG) को प्रयोग सम्बन्धमा रेडियोलोजिष्टहरु बाहेक आफ्ना क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाका (USG) तालिम प्राप्त गरेका स्त्री तथा प्रसूति रोग सम्बन्धी विशेषज्ञहरुले गर्न पाउनेछन । सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुको व्यवस्था हुनुपर्नेछ :–

(१) इमर्जेन्सी सेवामा चाहिने औषधी लगायत औजार उपकरणहरुका व्यवस्था हुनुपर्ने ।

(२) स्ट्रेचर , ह्वील चेयरको व्यवस्था हुनुपर्ने ।

(३) शौचालयका राम्रो व्यवस्था हुनुपर्ने ।

(४) रेकर्डिङ्ग तथा रिपोर्टिङ्गका लागि छुट्टै कोठाको व्यवस्था हुनुपर्ने ।

(५) वैकल्पिक विद्युतका लागि जनरेटरको व्यवस्था हुनुपर्ने ।

(६) बिरामीका लागि र बिरामी कुरुवा बस्नका लागि कोठा लगायत बेञ्चका व्यवस्था हुनुपर्ने ।

(७) स्टार, रिपोर्ट डिस्टीव्यूसनका लागि छुट्टाछुट्टै कोठाका व्यवस्था हुनुपर्ने ।

(९) Medical Equipment Reapir & Maintenance गर्दा वायोमडिकल इन्जिनीयर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष तालिम प्राप्त व्यक्ति हुनुपर्ने ।

(१०) विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनुपर्ने ।

(ख) रेडियोलोजी सेवाका लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु :

| सि नं | विवरण | क्लिनिक | २५ शैया |
|---|---|---|---|
| १ | एक्स-रे मेसिन | १०० एम ए-१ | ३०० एम ए-१ |
| २ | एक्स-रे मेसिन-Portable Mobile | स्वेच्छिक | १०० एम ए-१ |
| ३ | Ultrasound Machine | | |
| ४ | जनशक्ति<br>रेडियोलोजिष्ट | आंशिक समय | आंशिक समय |
| | सिनियर रेडियाग्राफिक टेक्नोलाजिष्ट | | |
| | रेडियोग्राफीक अधिकृत | १ | १ |
| | रेडियोग्राफर | २ | २ |
| | रेडियोग्राफीक अधिकृत | १ | १ |

(ग) स्वास्थ्य मन्त्रालयको स्वीकृति विना Radiography सम्बन्धी मेशिन नेपालमा पैठारी गर्न पाइने छैन ।

## परिच्छेद ९

## प्रयोगशाला सञ्चालन सम्बन्धी मापदण्ड

२३. प्रयोगशाला सेवा: (१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनुपर्नेछ :–

(क) मेडिकल टेक्नोलोजिष्टः मान्यताप्राप्त शिक्षण सस्थाबाट मडिकल ल्याव टेक्नोलाजी

विषयमा स्नातक (BMLT वा सो सरह ) उपाधि प्राप्त ।

गर्नपाउन परिक्षणहरुः Histopatholoty, Cytopathology & Bone Marrow Study बाहेकका सबै परीक्षणहरु ।

(ख) ल्याव टेक्नीशियनः मान्यता प्राप्त शिक्षण सस्था बाट सम्बन्धित विषमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण ।

(ग) ल्याव असिष्टेण्टः मान्यता प्राप्त शिक्षण सस्था बाट कम्तीमा एक बर्ष वा १५ महिनाको ल्या.अ तालिम गरी प्रमाण पत्र प्राप्त गरेका ।

गर्न पाउने परीक्षणहरुः २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परिक्षणहरु ।

नोटः माथि उल्लखित जनशक्तिहरुले योग्यता हासिल गरेको विषयका पाठयक्रममा उल्लखित सम्बन्धित परीक्षण गर्न पाउनेछन् ।

(२) उपदफा (१) मा उल्लखित जनशक्तिले आफुले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारल तोकेका परिषदमा दर्ता हुनु पर्नेछ ।

२४. प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड : देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुका स्तर अनुसारका मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछः– बेलडाँडी गाउँपालिका ले डि र ई समुहको प्रयोगशालाको संचालन अनुमति दिनेछ ।

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाइने छ

(ख) आकस्मिक सेवा प्रदान गर्न हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नुपर्नेछ । आई.सी.यु. सेवा प्रदान गर्न अस्पतालहरुमा Blood Gas Analyzer हुनुपर्नेछ ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।

(घ) राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टीलेशनको व्यवस्था हुन पर्नेछ ।

(च) बिजुली र पानीका राम्रो व्यवस्था हुनु पर्नेछ ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकारले तोेकका मापदण्ड अनुसार गरेका हुनुपर्नेछ ।

(ज) प्रयोगशालामा रगततान्न कोठा, सफा गर्न कोठा, आकस्मिक कोठा, नमुना परीक्षण गर्न कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनुपर्नेछ ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसार मात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

(ट) प्रयोगशालाका रिपोट प्रमाणित गर्नेका नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नंम्वर उल्लेखित स्टयाम्प वा प्रिन्टका प्रयोग उल्लेख गरेको हुनुपर्नेछ ।

(ठ) D & E प्रयोगशाला सम्वन्धि आधारभुत मापदण्ड :

(क) प्रयोगशालामा कम्तिमा २ जना नेपाल स्वास्थ्य व्यावसायी परिषद्मा दर्ता भएको प्रयोगशाला परिक्षणका लागि योग्य जनशक्ति हुनुपर्नेछ ।

(ख) Space 150 Square Feet

(ग) Equipments/Consumables/Reagents/Kits

**1. "E" Category Laboratory**

All "Basic Equipments ", consumables,reagents/kits
Basic equipments include-

- Centrifuge
- Colorimeter
- Water bath
- VDRL shaker
- Hot air oven
- lncubator
- Micropipettes
- DC coagulator

- Refrigerator
- Power backup
- Glasswares : Khan Tubes, Test tubes, petri dishes, etc.
- Consumables: Disposable syringes

**2.** All "E" PLUS-
Semi-automated M Biochemistry analyzer etc.

(घ) Services (range of tests): To be provided by these laboratories include:

- Hematology: TC, DC, hemoglobin, ESR, blood grouping for non-transfusion purpose, BT, CT
- Biochemistry: Sugar, Urea, BilirubinT&D, S. Uric Acid, Total protein, serum albumin
- Microbiology: Sputum AFB stain (Z-N stain)

## परिच्छेद १०

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड

२५. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्डः (१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य सस्थाका स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुका पालना गर्नुपर्नेछ :–

(क) आयुर्वेद स्वास्थ्य सेवा :

(१) आयर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट  स्नातक वा स्नातकोत्तर उपाधि हासिल  गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता  भएका हुनुपर्नेछ । नेपाल सरकारको वहालवाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२)  पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन वस्ति र रक्तमाक्षण प्रयोग गर्नुपर्ने र उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनुपर्नेछ ।

(४) आयुर्वेद अस्पतालले जनशक्ति, भौतिक पूर्वाधार, औजार–उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारका स्वीकृति दिन सकिनेछ ।

(५) बिरामीका उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा पषण (रफर) गर्नुपर्नेछ ।

(ख) आयुर्वेद चिकित्सा अन्तरगत रहने सेवाहरुः

चिकित्सा सेवा :

१. रोग उपचार (आतुर विकार पशमन)

(क) युक्ति व्यापाश्रय चिकित्सा
(ख) संशमन (औषधि चिकित्सा)
(ग) संशोधन (वमनादिपञ्चकमशोधनचिकित्सा)
(घ) दैव व्यापाश्रय
(ङ) सत्वावजय
(च) शस्त्र–प्रणिधान
(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थवृत्त पालन – ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकम

(च) योगाभ्यास

## परिच्छेद ११

## पारामेडिक्स क्लिनिक संचालन तथा गुणस्तर सम्बन्धी ब्यबस्था

**१. सेवा संचालन का लागि क्लिनिक मा न्यूनितम आबश्यक भौतिक सुविधाहरु निम्न अनुसारको हुनु पर्नेछ ।**

क) बिरामीको जाँच गर्ने बेग्लै कोठाको व्यवस्था हुनुपर्नेछ ।

ख) बिरामी बस्ने ठाँउ

ग) बिरामी जाँच्ने टेबुल

घ) स्वास्थ्यकर्मीको लागि कुर्सी

ङ) बिरामी बस्ने स्टुल

च) बिरामी कुर्ने बस्ने बेन्चहरु

छ) शौचालयको व्यवस्था

ज) टेलिफोन, संचार

झ) स्वास्थ्य सम्बन्धी सुचना मूलक पोष्टर तथा अन्य सामाग्री

ञ) शुद्ध पिउने पानीको व्यवस्था

ट) गोपनियताको लागि पर्दा

**२. क्लिनिक मा आबश्यक औजार उपकरणहरु निम्न अनुसारको उपलब्धहुनु पर्नेछ ।**

१) तौल नाप्ने मेशिन

२) ग्लोब्स आबश्यकता अनुसार

३) Tongue Depressor

४) रक्तचाप जाँच्ने मेसिन

५) स्टेथेस्कोप

६) आँखा,कान, नाक, जाँच्ने सेट (ENT Set)

७) थर्मोमिटर

८) टर्च लाईट



बेलहरी गाउँपालिका

९) रबर पन्जा

१०) मास्क एप्रोन

११) Kidney Tray

१२) बाल्टिन तीनकलरको

१३) क्लिनिकमा औषधी राख्दा सम्बन्धित परिषद्ले जारी गरेको कोड अफ ईथिक्स अनुसारको औषधी बिरामीलाई जाँच गरी दिन पाउनेछ ।

१४) आबश्यकताअनुसार अन्य समानहरु

१५) ३/५ फिटको निलो रंगमा सेतो अक्षरले प्रष्ट क्लिनिकको नाम लेखी दा"या तिर ल्ज्एऋ को लोगो र बायातर्फ पान दर्ता नम्बर र गाउँपालिका को दर्ता न.उल्लेख भएको हुनु पर्नेछ ।

१६) र्याकमा सेतो पेन्ट गरेको हुनु पर्नेछ ।

१७) सेवाको सम्पुर्ण विवरण HMIS system बमोजिम अनिबार्य राख्नुपर्नेछ ।

१८) क्लिनिक मा प्रयोग गरिने सम्पुर्ण औजार अनिवार्य रुपमा निर्मलीकरण गरेको हुनु पर्नेछ ।

१९) क्लिनिक मा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाण पत्र सम्बन्धीत परिषदको दर्ता न. सेवाशुल्क र आयकर प्रमाण पत्रर गाउँपालिका को सेवा संचालन दर्ता तथा सहमतिपत्र सबैले देख्ने ठाउमा राख्नु पर्नेछ ।

२०) मासिक प्रतिवेदन नियमित गाउँपालिका  को स्वास्थ्य शाखामा पठाउनु पर्नेछ ।

२१) स्तरीय उपचार पद्दति अनुसार बिरामी पुर्जाको व्यवस्था हुनु पर्नेछ ।

२२) जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ती, असहाय तथा अति गरिब बिरामीलाई निःशुल्क चेक जांचतथा परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

२३) स्वीकृत पारामेडिक्स क्लिनिक संचालन गर्ने व्यक्तिले अनिवार्यता  पर्ने तोकिए बमोजिमको तालिम लिनु पर्नेछ ।

२४) गाउँपालिकाले जारी गरेको आचारसंहिता भित्र रही क्लिनिक संचालन गर्नु पर्नेछ ।

<u>३ :  पारामेडिक्स स्वास्थ्य क्लिनिक सञ्चालन गर्न योग्यता सम्बन्धी व्यवस्था :</u>

(१) विरामीको रोगको उपचार गर्ने पारामेडिक्स क्लिनिक सञ्चालन गर्ने सञ्चालकले कोड अफ कन्डक्टमा उल्लेखित रोगको उपचार गर्दा कोड अफ कन्डक्ट बमोजिमको औषधी वितरण गर्न कम्तिमा पनि एक  सय पूर्णाङ्क (भार) को फार्मेसी एण्ड फार्माकोलोजी, बेसिक मेडिसिन, फस्ट एड एण्ड सर्जरी, एनाटोमी एण्ड फिजियोलोजी विषयको योग्यता हासिल गरेको हुनुपर्नेछ ।

(२) नेपाल सरकार स्वास्थ्य मन्त्रालय/सि.टि.ई.भि.टी नेपालले सञ्चालन गरेको पि.सि.एल. जनरल मेडिसिन/सि.एम.ए. कोर्स उत्तिर्ण गरी स्वास्थ्य व्यवसायिक परिषद् मा दर्ता भएको हुनुपर्नेछ ।

(३) पारामेडिक्स क्लिनिक सञ्चालन गर्न चाहने योग्यतापुगेको व्यक्तिले तोकिए वमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

(४) पारामेडिक्स क्लिनिक सञ्चालन गर्ने स्वास्थ्य व्यवसायीले स्वास्थ्य व्यवसायी परिषद् बाट जारी गरिएको स्पेसिफिक कोड अफ ईथिक्सको अक्षरस पालना गर्नु पर्नेछ ।

(५) पारामेडिक्स स्वास्थ्य क्लिनिक संचालन गर्ने चाहने स्वास्थ्य व्यवसायीले तोकिएको ढाँचामा निवेदन लगायत आवश्यक कागजात पेश गरी यस गाउँपालिका को स्वास्थ्य शाखा का निवेदन दिनु पर्नेछ ।

(६) गाउँपालिका मा आवश्यक कागजात सहित निवेदन पेश गरेकोमा काग जातजाँच गर्दा अंपुग भए पारामेडिक्स स्वास्थ्य क्लिनिक सञ्चालनको अभिलेख राखी पारामेडिक्स स्वास्थ्य क्लिनिक सञ्चालनको अनुमति प्रदान गर्नेछ ।

(७) पारामेडिक्स स्वास्थ्य क्लिनिक सञ्चालन गर्न अनुमति माग गर्ने स्वास्थ्य व्यवसायीले तोकिएको स्वास्थ्य प्राविधिक तह उत्तिर्ण गरि स्वास्थ्य ब्यवसायी परिषद्बाट दर्ता प्रमाण्पत्र प्राप्त गरि कम्तिमा दुईवर्ष सरकारी स्वास्थ्य संस्था, अस्पताल वा प्राइभेट स्वास्थ्य क्लिनिक अनुभव हासिल गरेको अनुभवपत्र समेत पेश गरेको हुनु पर्नेछ । तर यो लागू हुनु पुर्व पारामेडिक्स स्वास्थ्य क्लिनिक सञ्चालन गरी कर कार्यालयमा कर तिरी रहेका क्लिनिकको हकमा यो व्यवस्था लागू हुने छैन ।

(८) पारामेडिक्स स्वास्थ्य क्लिनिक सञ्चालन गरी निजी स्वास्थ्य व्यवसाय (प्राईभेट प्राक्टीस) गर्ने स्वास्थ्य व्यवसायीले स्वास्थ्य व्यवसायी परिषद् बाट जारी भएको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, कार्य अनुभवको प्रमाणित पत्र, निरोगिताको प्रमाणपत्र, अनुसुची

बमोजिमको निबेदन प्राप्त भए पछि रीतपुर्वक दर्ता गरी पान नं. लिन कर कार्यालयमा सिफारिस गरिनेछ ।

(९) पान नं. लिईसके पछि मात्र सेवा संचालन अनुमति दिईनेछ ।

(४) पारामेडिक्स स्वास्थ्य क्लिनिक सञ्चालन तथा नवीकरण सम्बन्धी व्यवस्था :

(१) पारामेडिक्स स्वास्थ्य क्लिनिकले प्रत्येक वर्ष कर चुक्ता गरेको प्रमाण, वार्षिक आय-व्यय र सम्पुर्ण रोग निदान को अभिलेख सहितको प्रतिवेदन श्रावण १० गते सम्म गाउँपालिका को स्वास्थ्य शाखामा पेश गरि तोकिएको दस्तुर तिरे पश्चात नवीकरण गरिनेछ । पारामेडिक्स स्वास्थ्य क्लिनिक बाट ज्येष्ठ नागरिक अपांगता भएका ब्यक्ती लाई निःशुल्क चेक जांच गर्नु पर्ने छ ।

## परिच्छेद १२

## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

२६. अभिलेख तथा प्रतिवेदनः

(१) तोकिएको समयमा आफुले प्रदान गरेका सेवाको प्रतिवेदन पालिकाका कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीका ढाँचामा पालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेखन राख्ने र प्रतिवेदन पेश नगर्न स्वास्थ्य संस्थालाई सम्बन्धित पालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई सम्बन्धित पालिकाका कार्यालयबाट एकीकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली सम्बन्धि तालिम लिने व्यवस्था गराउन पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण ICD-11 (International Coding of Disease) अनुसार Classification गरी प्रतिवेदन गर्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएका जन्म तथा मृत्यका घटना विवरण प्रचलित कानून बमोजिम तोकिएका ढाचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनुपर्नेछ ।

(६) स्वास्थ्य संस्थाले आफनो संस्थामा नेपाल सरकारल तोकेको लयतषष्बदभि मष्कभबकभक का विरामी पत्ता लागेका वाशंका लागेका खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्त सम्बन्धित पालिकाको कार्यालयमा सुचना गर्नुपर्ने छ ।

## परिच्छेद १३

## स्वास्थ्य संग सम्वन्धित गैरसरकारी संघ संस्था सम्वन्धि व्यवस्था

२७. स्वास्थ्य संग सम्वन्धित गैरसरकारी संघ संस्था सम्वन्धि व्यवस्था :

(१) यस गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संग संवन्धित भई संचालनभएका र संचालनहुने स्थानिय स्तरका र राष्ट्रिय तथाअन्तराष्ट्रिय स्तरका संघ संस्थाले समेत यस नगरक्षेत्र भित्रकुनैपनिकार्यक्रम संचालनगर्दा गाउँपालिका वाट स्वीकृतिलिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम स्वास्थ्यकार्यक्रम संचालन गर्ने संस्थाले संस्थादर्ता ऐन २०३४ वमोजिम दर्ता भई, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका संघ सस्थाले संघिय सरकार स्वास्थ्य मन्त्रालय, प्रदेश स्तरको भए प्रादेशिक स्वास्थ्य संरचना तथा स्थानिय स्तरको भए गाउँपालिका स्वास्थ्य शाखामा संस्था दर्ता भएको हुनुपर्ने छ ।

(३) उपदफा २ वमोजिम दर्ता भएका संस्थाले यस नगर क्षेत्रमा स्वास्थ्य सेवा तथा कार्यक्रम संचालन गर्दा वार्षिक रुपमा संचालन गर्ने कार्यक्रमहरुको वजेट कार्यक्रम तथा कार्ययोजना पेश गर्नुपर्ने छ र उक्त कार्य योजना गाउँपालिका वाट स्वीकृत भएपछि मात्र संचालन गर्न पाइने छ ।

(४) यस गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संग सम्वन्धित उपचारात्मक शिविर, विशेषज्ञ शिविर आदि संचालन गर्न चाहने सामाजिक संघ संस्थाहरुले समेत कार्यक्रम संचालनको कार्ययोजना पेश गरि गाउँपालिका को पुर्व स्वीकृति लिएर मात्रकार्यक्रम संचालन गर्न पाइने छ ।

(५) उपदफा (१), (२) र (३) वमोजिम स्वीकृति लिएका संघ सस्थाले गाउँपालिका को स्वास्थ्य शाखाले उपलव्ध गराएको ढाँचा वमोजिम मासिक तथा वार्षिक प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

(६) उपदफा (४) वमोजिम स्वीकृति लिएका संघ सस्थाले गाउँपालिका को स्वास्थ्य शाखाले उपलव्ध गराएको ढाँचा वमोजिम कार्यक्रमको प्रतिवेदन सो शाखामा उपलव्ध गराउनुपर्ने छ ।

## परिच्छेद १४

## सञ्चालन अनुमति नवीकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

२८. सञ्चालन अनुमति नवीकरण नहुने : (१)यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नवीकरण गरिन छैन :–

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लिखित शर्तहरु पालना नगरेका पाईएमा,

(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पताल जन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेका पाईएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा पालिकाका कार्यालयले दिएको निर्देशनका उंल्लघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुरानो भवनको हकमा तोकिएका समय भित्र भुकम्पीय जोखिमको दृष्टिकोणले भवन प्रबलीकरण गरेका नपाईएमा ।

२९. खारेजी गर्न सकिने : (क) या निर्देशिका प्रारम्भ हुन अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा सम्बन्धित निकायले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्नसक्नेछ ।

(ख) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा सम्बन्धित निकायले सम्बन्धित सेवा निलम्वन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

(ग) दफा २७ र २८ मा तोकिएका कार्यहरु उल्लंघन गरेमा ।

## परिच्छेद १५

## विविध

३० सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था : (१) सर्वसाधारणलाई उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउने प्रयोजनका लागि स्वास्थ्य सस्थाले प्रदान गर्न स्वास्थ्य सेवाका गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य सस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि गाउँपालिका ले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसका आधारमा सेवा शुल्क निर्धारण हुनेछ ।

(२) उपदफा (१) का प्रयोजनको लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

३१. मापदण्ड तथा अनुसूचीमा हेरफेर गाउँपालिका ले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनसूचीहरू आवश्यकताअनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

३२. व्याख्या गर्न अधिकार : यस निर्देशिकामा उल्लिखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुन द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधाआई परेमा गाउँपालिका ले सो मापदण्डका व्याख्या गर्नेछ ।

३३. स्वतः अमान्य हुन : यस निर्देशिकामा लेखिएका कुन कुरा प्रचलित कानूनका कुन व्यवस्था संग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

## अनुसूची १

## पूर्वाधार, स्थायी एवं स्तरोन्नती, नवीकरण स्वीकृतिको प्रयोजनका लागि अनुगमन समिति सम्बन्धी व्यवस्था

(दफा २ का खण्ड (क) सँग सम्बन्धित)

१.मेडिकल अधिकृत –संयोजक

२.ल्याब टेक्नीसियन/अधिकृत (एक) –सदस्य

३.रेडियोग्राफर/अधिकृत (एक )–सदस्य

४.पब्लिक हेल्थ नर्स/अधिकृत (एक) –सदस्य

५.इन्जिनियर (सिभिल) (एक) –सदस्य

६.गाउँपालिका कार्यालयबाट मनोनित विज्ञ एक जना –सदस्य

७. जनस्वास्थ्य निरिक्षक/अधिकृत - सदस्य सचिव

पूनश्चः पालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरु बाट सदस्यको मनोनयन गर्ने ।

***नोटः समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई समितिको सदस्यका रुपमा थप गर्न सक्नेछ।***

बेलडाँडी गाउँपालिका


## अनुसची -२

## भवन सम्बन्धी मापदण्ड

## (दफा २ को खण्ड (प) सँग सम्बन्धित)

काठमाण्डौं उपत्यका बाहिर निर्माण गरिने स्वास्थ्य संस्थाको हकमा मापदण्डमा उल्लेख गरिएको भए सोहीअनुसार तथा नभएको हकमा देहायका मापदण्ड अनुसार कायम गरिनुपर्नेछ ।

- अधिकतम ग्राउण्ड कभरेज – ४० पतिशत
- Floor Area Ratio (FAR)– २.५
- न्युनतम पार्किङ स्थल – जम्माजग्गाका २५ पतिशत
- भवनका सेट ब्याक(Set Back) – कम्तिमा ३ मिटर भवनका चारतिर
- लाईट प्लेन (Light Plane) – ६३.५ डिग्री



## अनुसची -३

## पूर्वाधार स्वीकृतिको मनसाय पत्रको लागि निवेदन फाराम

(दफा ४ का उपदफा (१) सँग सम्बन्धित)

श्री ..................................................................

..............................................................

.............................................................. ।

निम्नानुसार प्रस्तावित अस्पतालका संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसारकागजात सहित निवेदन फाराम पेश गरको छु/छौं ।

निवेदन फारामः

कार्यकारी अधिकृत /संचालन समितिका तर्फबाट

...........................................................

१.अस्पतालको नामः– शैया संख्याः–

२.साधारण सेवा/विशेषज्ञ सेवा वा अस्पताल (उल्लेख गर्ने) :

३.अस्पतालका ठेगाना (पत्राचार गर्ने ठेगाना)ः–

पालिकाः वडा नं.: टोलः–

ब्लक नं.: टेलिफोनः मोबाइलः– पो.ब.नं.:–

४.अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्ने हरुको मात्र):

| नाम | ठेगाना | मोबाइल नं. | फोन नं |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५.अस्पतालको लागि आवस्यक जग्गा र स्वामित्वका

(क)जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वको प्रकारः

(ख)लिजमा भए कबलियतनामा पेशगर्नेः

६.अस्पतालको वित्तीय स्रोतः–

(क) निजी लगानी (ख) बैंक कर्जा (ग) सरकारी (घ) अनुदान सहयोग

(ङ)गैर सरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्न भए सो को विवरण

(च) अन्य वित्तीय लगानी

स्थीर पूंजी लागत रु.....................

(क) भवन तथा जग्गाको लागिः रु.....................

(ख)औजार उपकरणका लागिः– रु.....................

वित्तीय लगानी (चालु पुजी लागत) रु...................

रोजगार संख्याः–

अनुमानित आम्दानीः–रु...................

अनुमानित मुनाफाः–.................

मासिकः रु................. त्रैमासिकः रु.................. वार्षिकः–रु..................

७. देहायको विषयहरु समेत समावेश भएका व्यावसायिक कार्ययोजना

(क)स्वीकृत संस्थाबाट प्रदान गर्न सेवाहरूको विवरण :

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| • एक्स–रे<br>• अल्ट्रासाउण्ड<br>• इन्डोस्कोपी<br>• इसीजी<br>• प्रयोगशाला<br>• ई.सि.जि.ट्रेड मिल प्रयोगशाला<br>• .................<br>• ................. | • खोप<br>• गर्भवती / सुत्केरी जांच<br>• परिवार नियोजन | • स्त्री तथा प्रसुती रोग<br>• जनरल मेडिसिन<br>• जनरल सर्जरी<br>• विशेषज्ञ सेवा : जस्तै स्त्री तथा प्रसूति रोग सेवा , मृगौला रोग, स्नायु, आँखा, हाड जोर्नी, नशा रोग, मानसिक रोग सेवा, आदि<br>• .................<br>• ................. |

(ख) संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने):

(१)..........................................................................................

(२)..........................................................................................

(३)..........................................................................................

(४)..........................................................................................

(ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिका विवरण (संलग्न गर्ने):

(१) विशेषज्ञ :

नाम : पद : योग्यता : पार्टटाइम/ फुलटाइम

(२) प्राविधिक :

नाम : पद : योग्यता : पार्टटाइम/फुलटाइम :

(३) प्रशासनिक :

नाम : पद : योग्यता : पार्टटाइम/फुलटाइम :

नोट :

(१) संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने । सम्बन्धित परिषदका प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताका प्रमाणित प्रतिलिपिका साथ कार्य गर्न मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुनेभएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(४) प्राविधिक कर्मचारीहरुले आफु कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउन ।

## अनुसची -४

## स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न  दिने निवेदन फाराम

**(दफा ५ का उपदफा (१) सँग सम्बन्धित)**

१.  संस्थाको नाम :–

२.  साधारण सेवा÷विशेषज्ञ सेवा अस्पतालमा कुन हो उल्लेख गर्ने :–

शैया संख्या :–

३.  संस्था को ठेगाना (पत्राचार गर्ने ठेगाना) :–

अञ्चलः–  वडा न.:-  टोलः–

जिल्लाः–  व्लकन.:-  टेलिफोन न.:–

४.  संस्था खोल्ने व्यक्तिहरु :–

नाम :–

नागरिकता नं. :–

ठेगाना :- फोन.नं. :-मोबाइल नं.:–

५.  संस्थाको वित्तीय स्रोत :–

क. निजीः–

ख.शेयर कर्जा :–

ग.सरकारीः–

घ.गैर सरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सो उल्लेख गर्ने :–

वित्तीय लगानीः– (लागत)रु.

क.भवन तथा जग्गाको लागिः– औजार उपकरणः– जनशक्तिः–



बेलडाँडी गाउँपालिका

अनुमानित आम्दानीः–

आम्दानी स्वदेशी/बिदेशी; अचल सम्पत्तिको स्रोतः–

अनुमानित मुनाफाः-मासिक :-त्रैमासिक :- वार्षिक :–

६ नर्सिङ्ग होम तथा निजी अस्पतालको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन–कुन सेवा पु¥याउने हो ? खुलाउने ।

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य सेवा |
|---|---|---|---|
| एक्स—रे<br>प्याथोलोजी ल्याव<br>अल्ट्रा साउण्ड<br>ईण्डोस्कोपी<br>ई.सि.जि.<br>ट्रेड मिल<br>प्रयोगशाला<br>सर्जिकल सेवा<br>व्यवस्थापन | खोप<br>आहार बिहार | स्त्री तथा प्रसुती रोग<br>जनरल मेडिसिन<br>जनरल सर्जरी | एम सि एच क्लिनिक<br>पारिवार नियोजन<br>विशेषज्ञ सेवा : जस्तै स्त्री तथा प्रसूति रोग सेवा , मृगौला रोग, स्नायु, आँखा, हाड जोर्नी, नशा रोग, मानसिक रोग सेवा, आदि |

७.संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको बिवरण तथा स्रोतः–

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

(झ)

८.संस्थामा सेवा पुर्याउने कर्मचारीहरुको बिवरण सम्बन्धित मापदण्ड अनुसारः–

(१) विशेषज्ञ :

नाम : पद : योग्यता : पार्टटाइम/ फुलटाइम

(२) प्राविधिक :

नाम : पद : योग्यता : पार्टटाइम/फुलटाइम :

(३) प्रशासनिक :

नाम : पद : योग्यता : पार्टटाइम/फुलटाइम :

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा सञ्चालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम के, कति कर्मचारीहरु संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित

परिषदका प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुको योग्यताका प्रमाणित प्रतिलिपिका साथ कार्य गर्न मन्जरीनामा समेत संलग्न हुनुपर्ने ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुनेभएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९

अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

७) प्राविधिक कर्मचारीहरुले आफु कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउनुपर्ने ।

नोटः स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातहरु

१.निवेदन फारम

२.कम्पनी दर्ता÷सस्था दर्ताका प्रमाणित प्रतिलपि

३. संस्था÷कम्पनीका विधान÷प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि

४. स्थायी लेखा दर्ता प्रमाण–पत्रको प्रतिलपि

५.स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६.अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमको प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलको दर्ता प्रमाण–पत्रको प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ङ) जनशक्तिहरुको कामगर्ने समय (पार्टटाइम/फुलटाइम किटान गर्नुपर्नेछ)

(च)मञ्जरीनामा÷कबुलियतनामा

७.औजार उपकरणको बिवरण तथा स्रोत

८.सम्पूर्ण सेवा शुल्क बिवरण

९.भौतिक सामग्रीको बिवरण

१०.प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृति पत्रको प्रतिलिपी

११.अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२.अस्पतालको आर्थिक नियमावली

१३.अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाइ छुटदिने नीति

१४.प्रदान गरिने सवाको विवरण

१५.जग्गा/घरको स्वामित्व

१६.घर/कोठा बहालमा लिइ सञ्चालन गर्ने भए घर बहाल सम्झौता–पत्र र भवन स्वास्थ्य सस्था संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र

१७.भवनको स्वीकृत नक्सा

१८.सस्थाको चल अचल सम्पत्ति बिवरण तथा वित्तीय सोत

१९.संस्थाको कार्य योजना

२०. PAN मा दर्ता नम्वरः

२१.कर चुक्ता प्रमाण पत्र (लागूहुने अवस्थामा मात्रै)

२२.लेखा परीक्षण प्रतिवदन (लागु हुने अवस्थामा मात्रै)

२३.बिरामी बडापत्रको नमुना

२४.सम्बन्धित निकायको भवन संहिता सम्बन्धी स्वीकृति पत्र

२५.रु.५ को हुलाक टिकट

२६.मूल्य अभिबृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाण पत्र

२७. भवन निमाण सम्पन्न प्रमाण पत्र

२८.सम्बन्धित निकायबाट भवनको नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम भएको स्वीकृति पत्र ।

बेलौरी नगरपालिका

## अनुसची -५

## स्वास्थ्य क्लिनिक/रेडियो ईमजिङ सेवा सञ्चालन अनुमति माग गर्ने निवेदन फाराम

## (दफा ५ का उपदफा (१) सँग सम्बन्धित)

१. संस्थाको नाम :- शैया सख्या :–

२. संस्थाका ठेगाना (पत्राचार गन ठेगाना) :–

प्रदेशः जिल्लाः पालिका. :- वार्ड न. :-

ब्लक नः टेलिफोन न. : पो.व.नं. :–

३. संस्था खोल्ने व्यक्तिहरु :–

| नाम | ठेगाना | नागरिकता नं. | मोबाईल नं |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. संस्थाको वित्तीय स्रोत :–

क. निजी :- ख. शेयर कर्जा :- ग. वैदेशिक :–

घ. गैर सरकारी :- ङ. सामुदायिक :- च. अन्य

५. संस्थाको क्षमता तथा बिस्तृत कार्ययोजना

सेवा प्रदान गर्ने क्षेत्रहरु :

| **निदानात्मक सेवा** | **प्रतिकारात्मक सेवा** | **उपचारात्मक सेवा** | **अन्य सेवा** |
|---|---|---|---|

बेलडाँगी गाउँपालिका

| | | | |
|---|---|---|---|
| • एक्स—रे<br>• प्याथोलोजी ल्याव<br>• अल्ट्रा साउण्ड<br>• ईण्डोस्कोपी<br>• ई.सि.जि.<br>• ट्रेड मिल प्रयोगशाला<br>• सर्जिकल सेवा व्यवस्थापन | • खोप<br>• आहार बिहार | • स्त्री तथा प्रसुती रोग<br>• जनरल मेडिसिन<br>• जनरल सर्जरी | • एम सि एच क्लिनिक<br>• पारिवार नियोजन<br>• विशेषज्ञ सेवा : जस्तै स्त्री तथा प्रसूति रोग सेवा , मृगौला रोग, मुटु ,स्नायु, आँखा, हाड जोर्नी, नशा रोग, मानसिक रोग सेवा, आदि |

६. सेवाशल्क .अलग र स्पष्टसँग) खुलाउन :–

७. संस्थामा सेवाहुनआवश्यक उपकरणहरुका बिवरण तथा स्रोत :

८. संस्थामा सेवा पुर्‍याउन जनशक्ति बिवरण :

संख्याः योग्यताः अनुभवः पार्टटाइम/फुलटाइमः अन्य सविधा

सामान्य चिकित्सक : विशेषज्ञ चिकित्सक : अन्य प्राविधिक :

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा सचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमाजिम के कति कर्मचारीहरुको संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) संस्थामा कार्य गर्ने कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदका प्रमाणपत्रहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४) कर्मचारीहरुका योग्यताका प्रमाणित पतिलिपिहरु संलग्नहुनुपर्नेछ ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुनभएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

## अनुसूची-६

## स्वास्थ्य सस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर

## (दफा ८ र ९ का उपदफा (२) संग सम्बन्धित

| सि.नं. | संस्थाको किसिम शुल्क निर्धारण | स्थापनाका लागि दस्तुर रकम (रु.) | नवीकरणका लागि दस्तुर रकम (रु.) |
|---|---|---|---|
| १ | अस्पतालको शैया संख्या प्रति शैया | ४०००/- | ५००/- |
| २ | डायग्नोष्टिक सेन्टर प्रति सेवा | १०,०००/- | १,०००/- |
| ३ | क्लिनिक सेवा प्रकार प्रति सेवा | ३,०००/- | १,०००/- |
| ४ | आर्युवेद क्लिनिक सेवा प्रकार प्रति सेवा | ५,०००/- | ५००/- |
| ५ | पारामेडिक्स स्वास्थ्य क्लिनिक प्रति क्लिनिक | ५,०००/- | १०००/- |
| ६ | दन्त क्लिनिक प्रति क्लिनिक | ५,०००।- | १,०००।- |
| ७ | आर्युवेद अस्पताल/प्रति शैया | २०००/- | ५००/- |

बेलडाँडी गाउँपालिका

# अनुसूची- ७
## स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको विरामी बडापत्रका ढाँचा
## (दफा १५ उपदफा (१) का बुदा (ट) संग सम्बन्धित

| सि.न | विवरण | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बेलडाँडी गाउँपालिका

## अनुसूची - ८

## स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरणको ढाँचा

## (दफा १५ उपदफा (१) का बुदा (थ) संग सम्बन्धित

| मिति | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बेलडाँडी गाउँपालिका